अनुसूची- २

(दफा ४ तथा अनसूची (१) को भाग (१) सँग सम्बन्धित)

मध्यनेपाल नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्याः १ मिति : २०८३।०१।२२

भाग (१)

नेपालको सविधान बमोजिम मध्यनेपाल नगरपालिकाको नगरसभाले वनाएका देहाय बमोजिमका ऐनहरु सर्वसाधारणको जानाकारीका लागि प्रकाशन गरिएको छ ।

## मध्यनेपाल नगरपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८३

नगरसभावाट पारित मितिः- २०८३/०१/१३

प्रमाणिकरण मितिः-२०८३/०१/२२

**प्रस्तावनाः**

मध्यनेपाल नगरपालिका क्षेत्रभित्र सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, पर्यावरण, खेलकुद, विकास वा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्न र कानून बमोजिम दर्ता भएका संघ संस्थाहरुको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी वनाउदैं नगरपालिकाको प्राथमिकताको क्षेत्रमा काम गर्ने वातावरण बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को दफा ४ (ठ) वमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को दफा (१) बमोजिम मध्यनेपाल नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

### परिच्छेद- एक

### संक्षिप्त नाम र प्रारम्भ

(१) यो ऐनको नाम "मध्यनेपाल नगरपालिकाको संस्था दर्ता तथा नियमन सम्वन्धी ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन मध्यनेपाल नगरपालिकाको क्षेत्रभित्र लागू हुनेछ।

२. परिभाषा र व्याख्याः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "नगरसभा" भन्नाले मध्यनेपाल नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले मध्यनेपाल नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले मध्यनेपाल नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(घ) "उपप्रमुख" भन्नाले मध्यनेपाल नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "स्थानीय अधिकारी" भन्नाले मध्यनेपाल नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा कार्यालयले तोकेको व्यक्तिलाई सम्झनु पर्छ।

(च) "संस्था" भन्नाले आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शारीरिक शैक्षिक, बौद्धिक, विकास, पर्यावरण तथा परोपकारी कार्यहरुको विकास, प्रर्वद्धन एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, आमा समूह, अध्ययन केन्द्र, प्रतिष्ठान आदि सम्झनुपर्छ ।

(छ) "दातृ निकाय" भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून वमोजिम सहयोग गर्ने द्धिपक्षीय तथा वहुपक्षीय विकास साझेदारलाई सम्झनु पर्दछ।

(ज) "अन्तर्राष्ट्रिय गैर सरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून वमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्दछ।

(झ) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति वा कार्य समितिलाई सम्झनुपर्छ ।

(ञ) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनुपर्नेछ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद- दुई

## संस्था दर्ता सम्बन्धी

३. दर्ता नगरी संस्था खोल्न नहुनेः (१) यस ऐन बमोजिम मध्यनेपाल नगरपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न पाइने छैन।

(२) प्रचलित नेपाल कानून बमोजिम अन्यत्र संस्था स्थापना गरी यस नगरपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा वा कार्यक्षेत्र बनाउदा यस नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ। स्वीकृति नलिने संस्थाहरुलाई काम गर्न रोक लगाई कानून वमोजिम कारवाही गर्न सकिनेछ।

४. संस्थाको दर्ता तथा सञ्चालन सम्वन्धी व्यवस्थाः (१) यो ऐन बमोजिम संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई स्थापना गर्न चाहेको संस्थाको विधानको २ (दुई) प्रति र तोकिएको दस्तुर सहित तोकिएको अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(क) संस्थाको नाम

(ख) उद्देश्यहरु

(ग) संस्थाको कार्यक्षेत्र र विषय

(घ) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र तीनपुस्ते विवरण

(ङ) स्रोत साधन सम्वन्धी विवरण

(च) कार्यालय खोल्ने ठेगाना

(छ) पदाधिकारीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

(३) दफा (१) बमोजिमको निवेदन प्राप्त भएछि स्थानीय अधिकारीद्धारा आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिइनेछ।

(४) प्रचलित कानून वमोजिम अन्य निकायमा दर्ता भै स्थापना र संचालनमा रहेका संस्थाहरु यस ऐन वमोजिम दर्ता/सूचीकरण हुन साविक दर्ता प्रमाणपत्र सँलग्न राखि निवेदन दिनुपर्नेछ।संस्थाको नामबाट कानूनले प्रतिबन्ध लगाएको कार्य गर्न पाइने छैन ।

(५) दफा (३) वमोजिम संस्था दर्ता गर्दा संस्थाको उद्देश्य र कामको प्रकृतिको आधारमा तोकिए बमोजिम वर्गीकरण गरिनेछ।

(६) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा, अवधि, दर्ता, नवीकरण र दस्तुर तोकिए बमोजिम हुनेछ।

५. संगठित संस्था मानिनेः(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र बेच विखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सोही नामबाट नालिस उजुर लाग्नेछ।

## परिच्छेद- तीन

## सम्पत्ति, दायित्व, समन्वय र सहकार्य

६. संस्थासँग सहकार्य सम्वन्धी व्यवस्थाः नगरपालिकाले तोकेको वा स्वीकृत गरेको कुनै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानूनको अधीनमा रही संस्थाहरुसँग सहकार्य गर्न सकिनेछ।सहकार्य सम्वन्धी विधि प्रक्रिया र सर्त तोकिए वमोजिम हुनेछ।

७. संस्थाको सम्पत्तिः (१) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति राख्न सक्नेछ।

(२) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको विधान विपरित संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा वा कब्जा गरेमा वा रोक्का राखेमा संस्थाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने वा कब्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट फिर्ता लिन सक्नेछ।

(३) दफा (२) वमोजिम सम्पत्ति फिर्ता गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृतले आदेश दिन सक्नेछ।

(४) दफा (२) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले नगर कार्यपालिकामा उजुरी गर्न सक्नेछ।

(५) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै गैर कानूनी कार्य गरेमा संस्था, संस्थाको कुनै सदस्य वा तोकिएको अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ।

८. संस्था गाभ्ने गाभिने वा उद्देश्यमा हेरफेरः (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा संस्थामा कुनै अर्को संस्थालाई गाभ्न वा अर्को सँस्थासँग गाभिन उचित देखेमा कार्य समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव र छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभा सञ्चालनका लागि आवश्यक गणपुरक स्थित सदस्य संख्याको वहुमत सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ। तर सो प्रस्ताव लागू गर्न तोकिएको अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ।

९. हिसाबको विवरण पेश गर्नु पर्नेः कार्य समितिले आफ्नो संस्थाको कामको प्रगति, हिसाबको विवरण र लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

१०. हिसाब जाँच गर्नेः (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफूले खटाएको वा नियुक्त गरेको कुनै कर्मचारीद्धारा जाँच गर्न गराउन सक्नेछ।

(२) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको समयमा जवाफ दिनु प्रत्येक संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(३) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी भएको रकम वा जिन्सी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ। अन्य प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा अन्य प्रचलित कानून बमोजिम निज र मुद्दा चलाउन बाधा पर्ने छैन ।

११. निर्देशन दिनेः नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद- चार

## दण्ड सजाय

१२. दण्ड र सजायः (१) ऐनको दफा ३ बमोजिम दर्ता नगरी संस्था स्थापना वा सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँच सय रुपैयासम्म जरीवाना गर्न सक्ने छ।

(२) दफा ९ बमोजिमको विवरण पेश नगर्ने प्रवन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँच सय रुपैयासम्म जरिवाना गर्न सक्नेछ।

तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजलाई सजाय मिन्हा दिन सक्नेछ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्न सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभ्ने गाभिने निर्णय गरेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी कामकारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ।

१३. पुनरावेदनः (१) प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय ३५ दिन भित्र कार्यपालिकामा पुनरावेदन लाग्ने छ।

(२) कार्यपालिको निर्णय उपर चित्त नबुझेमा जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

१४. संस्थाको विघटन र त्यसको परिणामः (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकाको हुनेछ।

(२) दफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्ने छ तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व नगरपालिकाले व्यहोर्ने छैन ।

१५. अन्तराष्ट्रिय गैर सरकारी संस्था सम्वन्धी व्यवस्थाः (१) कुनै पनि अन्तराष्ट्रिय गैर सरकारी संस्थाले प्रचलित कानून वमोजिम मध्यनेपाल नगरपालिका क्षेत्रभित्र कार्य गर्दा मध्यनेपाल नगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ। स्वीकृति प्रदान गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- पाँच

## विविध

१६. प्रचलित नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः

यस ऐन बमोजिम दर्ता भएको संस्था प्रचलित नेपालको कानून बमोजिम अन्यत्र दर्ता र इजाजत लिई सञ्चालन गर्नु पर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता गरी स्वीकृति लिएर मात्र स्थापना वा संचालन गर्नुपर्नेछ।

१७. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम बनाउन सक्नेछ।

१८. खारेजी र बचाउः (१) संस्था दर्ता, नवीकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानूनसँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**आज्ञाले,**

हरिराम नागिला

प्रमुख प्रशासकीय अधिकृत

# मध्यनेपाल नगरपालिकाको विनियोजन ऐन, २०८२ (पहिलो संशोधन)

नगरसभाबाट स्वीकृत मिति : २०८३/०१/१३

"मध्यनेपाल नगरपालिकाको विनियोजन ऐन, २०८२" को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी १८ औं नगरसभाले देहाय बमोजिम योजना/कार्यक्रम संशोधन गरेको छ।

## आ.व. २०८२/०८३ मा रकमान्तर, थप तथा संशोधन भएका योजना/कार्यक्रमहरुको विवरणः-

### क. नगर स्तरीय योजना (माथिल्लो बजेट उपशीर्षकः मध्यनेपाल नगर कार्यपालिका)

| क्र.सं. | साविकको योजना तथा कार्यक्रमको नाम | वडास्तरीय/ नगरस्तरीय | वडा नं. | रकम रु. | खर्च शीर्षक | संशोधित योजना तथा कार्यक्रमको नाम | वडा नं. | रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | भैपरी आउने | नगरस्तरीय | १ | ३५,००,००० | ३११५६ | सल्लाघारी पार्क | १ | २००००० |
| | | | | | | लालिगुँरास आमा समूह | १ | ३००००० |
| | | | | | | चर्दी खोला तटबन्धन | ३ | २००००० |
| | | | | | | दलित वस्ती पहिरो नियन्त्रण(साविक-५) | ३ | २००००० |
| | | | | | | सूर्यपाल महिला उद्यमी समूह व्यवस्थापन | ३ | १००००० |
| | | | | | | पराजुलीटार भुषाल गाउँ जुगेपानी सडक | २ | २००००० |
| | | | | | | स्यामटारी कुलो मर्मत | ४ | २००००० |
| | | | | | | पाडेखोला कुलो निर्माण | ४ | ३००००० |
| | | | | | | कुशुमाकर मा.वि. फर्निचर खरिद | ७ | १००००० |
| | | | | | | दलित उत्थान भवन मर्मत सिर्खा | ४ | १००००० |
| | | | | | | श्री सिर्जनाशिल एकता मगर समाज | ५ | २००००० |
| | | | | | | रानीपानी पिप्ले वाटो निर्माण | ६ | २००००० |
| | | | | | | अकला सामाजिक भवन ट्रस निर्माण | ६ | ३००००० |
| | | | | | | चण्डीदेवी आमा समूह ट्रस निर्माण | ७ | ३००००० |
| | | | | | | विश्वकर्मा समाज भवन | ७ | २००००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्की पधेंरी मर्मत(साविक-८) | १० | ५०००० |
| | | | | | | पेमा छोलिङ्ग गुम्वा निर्माण | ७ | ३५०००० |
| २ | विभिन्न योजना कार्यक्रम साझेदारी | नगरस्तरीय | | १०,००,००० | ३११५९ | धर्ती पधेरो मर्मत(साविक-६) | १० | ५०००० |
| | | | | | | कुशुमाकर मा.वि. कक्षा कोठा मर्मत तथा रङ्ग रोगन | ७ | १५०००० |
| | | | | | | तिर्थ पचभैया कोईवो | ८ | ३००००० |
| | | | | | | क्रियटिभ युवा क्लव शौचालय तथा खेल मैदान | ८ | २००००० |
| | | | | | | दिपज्योति आमा समूह पोखरीथोक | ८ | ३००००० |
| ३ | नगर प्रमुख युवा उद्यम प्रवर्द्धन कार्यक्रम | नगरस्तरीय | | २०००००० | २२५२२ | डडुवा लिफ्टिङ्ग खानेपानी | ८ | २००००० |
| | | | | | | दलित वस्ती भवन तारवार | १० | १००००० |
| | | | | | | डाँडागाउँ ठाडोवाटो निर्माण | १० | २००००० |
| | | | | | | नगर प्रमुख युवा रोजगार कार्यक्रम वडा नं. ९ | ९ | १०००००० |
| | | | | | | यान्त्रिक सामग्री वितरण तथा फलफूल प्रबर्द्धन कार्यक्रम | ५ | ५००००० |
| ४ | बाङग्रेबेशी पहिरो नियन्त्रण | नगरस्तरीय | ९ | २०००००० | ३११५९ | खहरे खोला देखि बतासे चोक (हरित सडक) ग्रावेल | ७ | २००००० |
| | | | | | | डडुवा दुर्छा भोर्लेटार समाज | ६ | १००००० |
| | | | | | | मादी नदी नियन्त्रण वडा नं. ७ | ७ | ७००००० |
| | | | | | | बाङग्रेबेशी पहिरो नियन्त्रण | ९ | १०००००० |
| ५ | नगर प्रमुख खेलकुद | नगरस्तरीय | | १९४६७७२ | २२५२२ | त्रिवेणी युवा क्लव, त्रिवेणी कप | | १,५०,००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | लालिगुराँस एसोसियट्स क्लव पोखरा, | | २,००,००० |
| ६ | भोर्लेटार चक्रपथ | नगरस्तरीय | | | ३११५१ | विभिन्न फुटकर योजनामा थप गर्ने | | १५००००० |
| ७ | अनुगमन मूल्याङ्कन खर्च | नगरस्तरीय | | २०००००० | | भ्रमण खर्च | | १०००००० |
| | | | | | | सवारी साधन मर्मत खर्च | | ९००००० |
| | | | | | | साईबर सुरक्षा तथा लागु औषध दुर्वेशन सम्बन्धी सचेतना कार्यक्रम प्रहरीसँग सझेदारी | | १००००० |
| ८ | सार्वजनिक सुनुवाई | नगरस्तरीय | | ५००००० | २२५२९ | सार्वजनिक सुनुवाई कार्यक्रम | | ५०००० |
| | | | | | | विद्युतिय हाजिरी मेसिन खरिद | | ४५०००० |
| ९ | फुटकर योजना | नगरस्तरीय | | १४००००० | ३११५९ | दुईपिप्ले मगर समाज | ४ | १००००० |
| | | | | | | कुमाल समाजको भवन | ४ | १००००० |
| १० | दिर्घ रोगीलाई पोषण खर्च, महिलाको लागि पोषक सूचीकरण कार्यक्रम तथा क्यालसीयम वितरण | नगरस्तरीय | | १०००००० | २२५२२ | जेष्ठ नागरिक विरामीहरुलाई औषधी खरिद | | ५००००० |
| | | | | | | महिलाहरुको लागि पोषण सूचीकरण कार्यक्रम तथा मासिक वैठक | | ५००००० |
| ११ | सूर्यपाल सोतीपसल खानेपानी योजना वडा नं. ३ | नगरस्तरीय | ३ | १०००००० | ३११५६ | सूर्यपाल सोतीपसल रम्घा खानेपानी भवन निर्माण तथा मर्मत | ३ | १०००००० |

**ख. वडा स्तरीय योजना (माथिल्लो बजेट उपशीर्षकः मध्यनेपाल नगर कार्यपालिका)**

| क्र.सं. | साविकको योजना तथा कार्य्रकमको नाम | वडास्तरीय/ नगरस्तरीय | वडा नं. | रकम रु. | खर्च शीर्षक | संशोधित योजना तथा कार्यक्रमको नाम | वडा नं. | रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | मुखिया गाँउ रायपाली सडक | नगरस्तरिय | १ | २,००,००० | ३११५६ | सप्तधारा मर्मत योजना | १ | ४,००,००० |
| २ | दलित नयाँ गाँउ मन्दिर निर्माण | नगरस्तरिय | १ | २,००,००० | ३११५९ | | | |
| ३ | गणेशटोल आमा समूह भवन निर्माण | वडास्तरिय | २ | ३००००० | २२५२२ | गणेशटोल नहर माथी स्लेब निर्माण | २ | ३००००० |
| ४ | जुगेपानी थ्रीफेस लाईन विस्तार कार्यक्रम | नगरस्तरिय | २ | १५०००० | ३११५९ | सोतिपसल हुलाकी सडक ढलान | २ | १,५०,००० |
| ५ | कालीमाटी दलित वस्ती पाटी निर्माण योजना | वडास्तरिय | २ | १५०,००० | २२५२९ | पाखुरीचोक दलित वस्ती कालोमुडा मोटरवाटो मर्मत | २ | १,५०,००० |
| ६ | सोतिपसल प्रहरी चौकी सामान खरिद तथा व्यवस्थापन | वडास्तरिय | २ | १,००,००० | ३११५९ | सोतिपसल प्रहरी चौकी व्यवस्थापन तथा मर्मत | २ | १,००,००० |
| ७ | वडा कार्यालय व्यवस्थापन तथा विविध कार्यक्रम | वडास्तरिय | ३ | २,५०,००० | २२३११ | स्वास्थ चौकी व्यवस्थापन समिति र स्वयंसेविका गोष्ठी कार्यक्रम | ३ | ३०००० |
| | | | | | | वडा समिति अवलोकन भ्रमण | ३ | १००००० |
| | | | | | | विद्यालय स्वास्थ्य कार्यक्रम | ३ | ३५००० |
| | | | | | | मंगला मा.वि. शैक्षिक अवलोकन भ्रमण कार्यक्रम | ३ | ३०००० |
| ८ | वडाभित्रका सडकहरुको नाली सरसफाई | वडास्तरीय | ४ | २०००० | ३११५६ | तिलाहार उकालो ढलान निर्माण योजना | ४ | २०००० |
| ९ | युवा लक्षित कार्यक्रम | वडास्तरीय | ४ | १,००,००० | ३११५९ | साना सडक मर्मत सम्भारमा | ४ | २,००,००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | थप समेत | | |
| १० | ४ नं वडा भित्र भेटेरेनरी सेवा | वडास्तरीय | ४ | ५०००० | २२५२२ | वडा कार्यालय व्यवस्थापन तथा फर्निचर खरिदमा थप समेत | ४ | १,५०,००० |
| ११ | ढाड काडेपानी सडक मर्मत | वडास्तरीय | ६ | १,००,००० | ३११५९ | ढाड काडे पानी सडक मर्मत | ६ | २००००० |
| १२ | पुरानडीही फेदी चौतारा सडक मर्मत | वडास्तरिय | ६ | १,००,००० | ३११५९ | | | |
| १३ | सिद्ध आमा समूह आलु खेती | वडास्तरिय | ६ | १००००० | २२५२२ | हल्लेसी थुम्का खानेपानी ट्याङ्की निर्माण योजना | ६ | १००००० |
| १४ | लामा खोला खानेपानी योजना | नगरस्तरिय | ७ | १००००० | ३११५६ | श्री जनमन्दिर मा.वि भवन मर्मत | ७ | १००००० |
| १५ | वडा कार्यालय व्यवस्थापन | वडास्तरिय | ७ | २००००० | ३११५९ | श्री जनमन्दिर मा.वि भवन मर्मत | ७ | ५०००० |
| | | | | | ३११५९ | श्री कुसुमाकर मा.वि. साउण्ड सिस्टम खरिद | ७ | १,५०,००० |
| १६ | नयाँ सिर्जना आमा समूह टेण्ट तथा फर्निचर खरिद | वडास्तरिय | ७ | १,५०,००० | २२५२२ | नयाँ सिर्जना आमा समूह भवन निर्माण | ७ | १,५०,००० |
| १७ | करापु स्वास्थ्य चौकी | वडास्तरिय | ८ | २००००० | २२५२२ | डडुवा लिफ्टिङ्ग खानेपानी योजना | ८ | ३००००० |
| १८ | डडुवा दलित ट्रष्ट निर्माण योजना | वडास्तरीय | ८ | १००००० | ३११५९ | | | |
| १९ | करापुकोट कृषि सहकारी | वडास्तरीय | ८ | १००००० | २२५२२ | करापुकोट कृषि सहकारी | ८ | ५०००० |
| | | | | | | क्रियटिभ युवा क्लव शौचालय तथा खेल मैदान | | ५०००० |
| २० | अरेकोशी खानेपानी मर्मत | वडास्तरीय | ८ | १००००० | ३११५६ | अरेकोशी गोरेटो बाटो सम्भार तथा संरक्षण | ८ | ५०००० |
| | | | | | | क्रियटिभ युवा क्लव शौचालय तथा खेल मैदान | ८ | ५०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | कुवापानी बास्कोट जाने गोरेटो बाटो निर्माण योजना | वडास्तरीय | ८ | २००००० | ३११५९ | क्रियटिभ युवा क्लव शौचालय तथा खेल मैदान | ८ | २००००० |
| २२ | दलित भवन जाने गोरेटो वाटो | वडास्तरीय | ८ | १००००० | २२५२२ | दलित भवन जाने मोटर बाटो | ८ | १००००० |
| २३ | भुमि प्रा.वि छानो | वडास्तरीय | ८ | १००००० | ३११५९ | भुमि प्रा.वि. मर्मत तथा कम्पाउण्ड | ८ | १००००० |
| २४ | जनविकास आमा समूह भवन मर्मत | वडास्तरीय | ९ | १००००० | ३१११२ | भदौरे खानेपानी ट्याङ्की मर्मत तथा धारा निर्माण योजना | ९ | १,५०,००० |
| २५ | भदौरे गाँउ खानेपानी कुवा मर्मत | वडास्तरीय | ९ | ५०००० | ३११५६ | | | |
| २६ | चायपानी तथा भुजुङ्गे खानेपानी धारो स्तरोन्नति | नगरस्तरीय | ९ | १००००० | ३११५६ | पहरेपानी हुँदै सिरानचोक ढलान मोटरवाटो स्तरोन्नति | ९ | १००००० |
| २७ | ढाँड खोला कालिमाटी तटबन्धन योजना | वडास्तरीय | ९ | २००००० | ३११५९ | चनौटे कालीमाटी मोटर बाटो | ९ | ५०००० |
| | | | | | | टुनबुटे तटबन्धन योजना | ९ | १००००० |
| | | | | | | सालडाँडा मोटरबाटो स्ल्याब निर्माण योजना | ९ | ५०००० |
| २८ | बाङग्रे युवा क्लव खेलकुद सामाग्री खरिद | वडास्तरीय | ९ | १००००० | २२५२२ | बाङग्रे युवा क्लव उज्यालो कार्यक्रम | ९ | १००००० |
| २९ | थुम्की चौतारामा ठाँटी निर्माण योजना | वडास्तरीय | ९ | १,५०,००० | ३१११२ | छविसेगाँउ देखि थुक्की चौतारा सिढी निर्माण | ९ | १,५०,००० |
| ३० | सुन्धारा आमा समूह ट्रष्ट निर्माण | वडास्तरीय | १० | २,५०,००० | २२५२२ | थान्सिङ्ग शिव मन्दिर प्रतिक्षालय निर्माण | १० | २,५०,००० |
| ३१ | नेटा माथिल्लो गाँउ बाटो निर्माण | वडास्तरीय | १० | ३,००,००० | ३११५९ | विमिरे भञ्ज्याङ रानीवन | १० | ६,००,००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मोटरवाटो निर्माण योजना | | |

आज्ञाले,

हरिराम नागिला

प्रमुख प्रशासकीय अधिकृत